केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/पूर्वाधार/०४/०८२/८३ मिति : २०८२/१२/०३

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

२०८२/१२/०२

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।

## नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप

| क्र.सं. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| १. | निर्देशन नं. २ को बुँदा नं. १२ को उपबुँदा (२) र (१२) मा संशोधन । | १२. पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale /Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन । तर, यस बैंकले तोकेका पुँजीकोष पर्याप्त भएका पूर्वाधार विकास बैंकले इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुले प्रवाह गरेका पूर्वाधार सम्बन्धित परियोजनाहरुको Credit Sale/Purchase/Re-purchase तथा Takeover पूर्वाधार विकास बैंकलाई तोकिएका अन्य शर्त लगायत देहायका शर्तको अधीनमा रही गर्न सक्नेछन् ।<br>२. पूर्वाधार विकास बैंकले कारोबार शुरु गरेको मितिले ४ वर्षसम्म आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सीमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Re-purchase तथा Takeover गर्न सकिने ।<br>१२. पूर्वाधार विकास बैंकले कारोबार सुरु गरेको ४ वर्षपछि यस किसिमको Credit Sale /Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वतः निष्क्रिय हुने । | १२. पूर्वाधार विकास बैंकहरुले एक आपसमा मात्र Credit Sale /Purchase/Re-purchase तथा Takeover गर्न सक्नेछन । तर, यस बैंकले तोकेका पुँजीकोष पर्याप्त भएका पूर्वाधार विकास बैंकले इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुले प्रवाह गरेका पूर्वाधार सम्बन्धित परियोजनाहरुको Credit Sale/Purchase/Re-purchase तथा Takeover पूर्वाधार विकास बैंकलाई तोकिएका अन्य शर्त लगायत देहायका शर्तको अधीनमा रही गर्न सक्नेछन् ।<br>२. पूर्वाधार विकास बैंकले **२०८५ असार मसान्तसम्म** आफ्नो अघिल्लो त्रयमासमा कायम रहेको कुल कर्जा सीमाको अधिकतम एक तिहाइ मात्र Credit Sale/Purchase/Re-purchase तथा Takeover गर्न सकिने ।<br>१२. **२०८५ असार मसान्त**पछि यस किसिमको Credit Sale /Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था स्वतः निष्क्रिय हुने । |